# शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधी, २०७७
## (पहिलो संसोधनः २०८२/०२/०५)

**प्रस्तावनाः**

बैजनाथ गाँउपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयको सवलीकरण तथा सुदृढीकरण मार्फत विद्यालयहरुमा न्यूनतम् सक्षमताको अवस्था सुनिश्चित गरी प्रत्येक विद्यालयलाई नमुना विद्यालयको रुपमा विकास गर्दै प्रत्येक वालवालिकामा गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गर्न शिक्षा ऐन २०२८ तथा हाल कार्यान्वयनमा रहेको विद्यालय शिक्षा क्षेत्र कार्यक्रमको अवधारणा बमोजिम बैजनाथ गाउँपालिका क्षेत्रभित्र पूर्व प्राथमिक श्रिक्षादेखि कक्षा १२ सम्म सञ्चालित विद्यालयहरुमा आवश्यकताका आधारमा शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्ने कार्यलाई व्यवस्थित रूपमा अगाडि बढाउनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को (ज) र बैजनाथ गाँउपालिकाको शिक्षा ऐन, २०७७ को दफा ६५ (७) ले दिएको अधिकार प्रयोग गरी बैजनाथ गाँउकार्यपालिकाबाट शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापन कार्यविधि २०७७ (पहिलो संसोधन २०८२) जारी गरिएको छ ।

प्रकाश बहादुर शाही
अध्यक्ष

परिच्छेद– १

प्रकाश बहादुर शाही
अध्यक्ष

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम "शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि २०७७ (पहिलो संसोधन २०८२ " रहेको छ।

(ख) यो कार्यविधि बैजनाथ गाँउपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक विद्यालयको हकमा लागू हुनेछ ।

(ग) यो कार्यविधि बैजनाथ गाँउपालिकाको कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले बैजनाथ गाउपालिका गाँउ कार्यपालिकाले जारी गरेको शिक्षा ऐन २०७७ लाई वुझाउनेछ । साथै शिक्षा ऐन, २०२८ (संशोधनसहित) समेतलाई वुझाउनेछ ।

(ख) "केन्द्र" भन्नाले शिक्षा तथा मानव श्रोत विकास केन्द्र लाई सम्झनुपर्छ ।

(ग) "गाँउपालिका" भन्नाले बैजनाथ गाँउपालिकालाई सम्झनु पर्छ ।

(घ) "अध्यक्ष" भन्नाले बैजनाथ गाउँपालिकाको अध्यक्ष सम्फनु पर्छ।

(ङ) "वि.व्य.स." भन्नाले बैजनाथ गाउँपालिकाको शिक्षा ऐन २०७७ को दफा १५ को उपदफा १ बमोजिम गठित समिति सम्फनु पर्छ।

(च) "नियमावली" भन्नाले शिक्षा नियमावली, २०५९ (संशोधनसहित) सम्झनु पर्छ।

(छ) "विद्यालय शिक्षा क्षेत्र योजना" भन्नाले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा सन् २०२२ देखि सन् २०३२ सम्म राष्ट्रिय रूपमा कार्यान्वयन गर्ने गरी स्वीकृत भएको शैक्षिक योजना तथा कार्यक्रमलाई सम्झनुपर्छ ।

(ज) "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनुपर्छ ।

(झ) "शिक्षक" भन्नाले सम्वन्धित तहमा कार्यरत स्थायी शिक्षक ,राहत अनुदान कोटामा कार्यरत शिक्षक ,केन्द्रिय शिक्षण सिकाइ अनुदानमा कार्यरत शिक्षक ,पालिका अनुदान कोटामा कार्यरत शिक्षक र वाल विकास केन्द्रमा कार्यरत शिक्षक समेत लाई सम्झनु पर्छ।

(ञ) "दरवन्दी" भन्नाले सम्वन्धित तहमा स्थायी शिक्षक ,राहत अनुदान कोटामा कार्यरत शिक्षक , अस्थायी वा करारमा कार्यरत शिक्षक ,केन्द्रिय शिक्षण सिकाइ अनुदान कोटामा कार्यरत शिक्षक.गाउँपालिका अनुदान कोटामा कार्यरत शिक्षक र वाल विकास केन्द्रमा कार्यरत शिक्षक कोटा समेतलाई सम्झनु पर्छ ।

परिच्छेद–२

**३. शिक्षक दरवन्दी मिलान सम्बन्धि व्यवस्था : शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापन देहायका आधारमा गरिने छ :**

(क) शैक्षिक सत्र २०८२ को शैक्षिक तथ्यांकलाई दरबन्दी मिलान तथा दरवन्दी मिलानको आधार मानिनेछ। शिक्षक विद्यार्थी अनुपात गाउँ शिक्षा समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(ख) दरवन्दी पुनर्वितरण गर्दा साविकमा रहेका प्राथमिक तह (कक्षा १-५), निम्न माद्यामिक तह (कक्षा ६-८ ),माध्यमिक तह (कक्षा ९-१० ) र उच्च माध्यमिक तह (कक्षा ११-१२ ) लाई आधार मानिनेछ र संघिय शिक्षण सिकाइ अनुदान र पालिका शिक्षण सिकाइ अनुदानमा कार्यरत शिक्षकका हकमा भने आधारभूत( १-८) र माध्यमिक तह (९-१२ ) का आधारमा हुनेछ।



CamScanner

४. शिक्षक दरबन्दी मिलान, सरुवा तथा व्यवस्थापन प्रक्रियालाई सहजीकरण गर्नका लागि एक शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन समिति रहनेछ ।

(क) गाँउपालिका अध्यक्ष - संयोजक

(ख) सामाजिक विकास समितिको संयोजक वा निजले तोकको सामाजिक विकास समितिको सदस्य - सदस्य

(ग) शिक्षक महासंघ अध्यक्ष - सदस्य

(घ) गाउँ शिक्षा समितिका सदस्यहरु मध्येबाट अध्यक्षले मनोनित गरेको १ जना - सदस्य

(ङ) सामुदायिक बिद्यालयका प्र.अ. मध्येबाट गाउँपालिका अध्यक्षले तोकेको १ जना - सदस्य

(च) सामुदायिक विद्यालयका शिक्षकहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य

(छ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ज) शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुख - सदस्य सचिव

**५. शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार : शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

क) शिक्षकहरुको विवरण अद्यावधिक र विश्लेषण गर्ने,

ख) दफा ५ बमोजिमको शिक्षकको दरबन्दी मिलान तथा व्यवस्थापन (दरवन्दी मिलान) गरि गाउँ शिक्षा समितिमा पेश गर्ने ।

ग) दरबन्दी मिलान तथा व्यवस्थापन हुने शिक्षकलाई हाजिरी तथा रमानाको लागि सहजीकरण गर्ने,

घ) शिक्षक, विद्यालय, शिक्षा समिति, वि.व्य.स. र गाउँ कार्यपालिका बीच समन्वयकारी भुमिका निर्वाह गर्ने,

ङ) शिक्षकका पेशागत संघ, संगठनहरुसँग आवश्यक परामर्श तथा छलफल गर्ने,

च) कार्यपालिकाले तोकेका अन्य काम गर्ने,

**६. शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्ने प्रक्रिया:**

(क) सर्व प्रथम गाउँपालिकाले आफु अन्तरगत निम्नानुसारको शिक्षक विवरण तयार गर्नेछ :

| तह | दरबन्दीको किसिम | दरबन्दी संख्या | रिक्त दरबन्दी संख्या | कैफियत |
|---|---|---|---|---|
| माध्यमिक तह | स्थायी | | | |
| | अस्थायी | | | |
| | राहत अनुदान | | | |
| | सघिय शिक्षण सिकाई अनुदान | | | |
| | गाउँपालिका अनुदान | | | |
| निम्न माध्यमिक तह | स्थायी | | | |
| | अस्थायी | | | |
| | राहत अनुदान | | | |
| | सघिय शिक्षण सिकाई अनुदान | | | |
| | गाउँपालिका अनुदान | | | |
| प्राथमिक तह | स्थायी | | | |
| | अस्थायी | | | |
| | राहत अनुदान | | | |
| | संघिय शिक्षण सिकाई अनुदान | | | |
| | गाउँपालिका अनुदान | | | |



प्रकाश बहादुर शाही
अध्यक्ष

CamScanner

(ख). पुल दरबन्दी कायम गर्ने : दफा ५ बमोजिमको विवरण तयार गरिसके पछी प्रचलित शिक्षा ऐन र नियमवाली बमोजिम प्रत्येक मा.वि, नि. मा. वि र प्राथमिक तहको दरवन्दी बढी वा घटी भएको एकिन गरि बढी भएको दरवन्दी लाई पुल दरबन्दी कायम गर्ने ।

(ग) . दफा ६ बमोजिम पुल दरबन्दी कायम भै सके पछी गाउँपालिका भित्रका प्रचलित गाउँ शिक्षा समितिको निर्णय बमोजिम हुनु पर्ने भन्दा कम दरवन्दी भएका सामुदायीक विद्यालयहरुको विद्यालयगत र तहगत रिक्त दरबन्दी संख्या किटान गरि दरखास्तका लागि सुचना प्रकाशन गर्ने र रिक्त दरवन्दी किटान गर्दा दरवन्दीको किसिम अनुसार पुलमा राखिएका दरबन्दीको संख्या भन्दा बढी हुने छैन । दरखास्तको सुचनाको नमुना अनुसूची १ मा छ ।

(घ). दरखास्त माग भए बमोजिम शिक्षकले दिएको निवेदनका आधारमा सम्वन्धित विद्यालयको विषयगत आवश्यकताको आधारमा गाउँ शिक्षा समितिले निर्णय गरि दरबन्दी मिलान तथा व्यबस्थापन गरिनेछ ।

(ङ) प्रचलित ऐन नियमानुसार सम्वन्धित तहमा हुनु पर्ने न्युनतम दरवन्दी संख्या भन्दा बढी भएको विद्यालयको शिक्षकले आवेदन नदिएमा विषयगत आधारमा समितिले क्रमश : पछिल्लो नियुक्तिबाट कनिष्टतम कायम हुन नसकेकोमा सेवा गरेको अवधिलाइ कनिष्टतमको आधार मानिनेछ ।

(च) कुनै विद्यालयको रिक्त दरवन्दीको लागी आवेदन नपरेमा गाउँ शिक्षा समितिको निर्णयानुसार आवश्यकताका आधारमा न्युनतम दरवन्दी भन्दा वढी भएको विद्यालयबाट कम भएको विद्यालयमा दरवन्दी स्थानान्तरण गरिने छ ।

(छ) गाउँ पालिका अन्तरगतका सामुदायिक विद्यालयहरुको संचालन तथा व्यवस्थापन प्रक्रियालाई प्रभावित बनाउन प्रत्येक विद्यालयमा कम्तिमा एक वटा सम्बन्धित तहको स्थायी दरवन्दीको व्यवस्थापन गर्ने र सो को लागि सम्वन्धि तहको एकभन्दा बढी स्थायी दरबन्दी भएका बिद्यालयबाट एउटा पनि स्थायी दरवन्दी नभएको विद्यालयमा सरुवा व्यवस्थापन गरिनेछ ।

(ज) दफा ६ उपदफा ख र छ बमोजिम स्थायी दरवन्दी कट्ने विद्यालयमा सम्बन्धित तह र विषय मिल्ने गरि राहत, संघिय अनुदान वा पालिका अनुदानको शिक्षक व्यवस्थापन गरिनेछ ।

(झ) अपांगता भएका व्यक्तिहरुको हकमा निजलाई अपायक हुने गरि मिलान तथा व्यवस्थापन गरिने छैन । विशेष अवस्थामा रहेका महिलालाई पनि अपायक हुने गरि व्यवस्थापन गरिने छैन ।

(ञ) सामुदायिक विद्यालयहरुको दरवन्दी मिलान तथा व्यवस्थापन प्रयोजनको लागि रिक्त दरबन्दी निर्धारण गर्दा दरवन्दीको किसिम अनुसार हाल गाउँपालिका भित्रको मौजुदा दरवन्दी संख्यामा नबढ्ने गरि निर्धारण गरिने छ ।

(ट) गाँउपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको सञ्चालन र व्यवस्थापन प्रक्रियालाई प्रभावकारी बनाउन प्रत्येक विद्यालयमा कम्तीमा एक वटा सम्बन्धित तहको स्थायी शिक्षक दरबन्दीको व्यवस्था गर्ने र विद्यार्थी संख्याको अनुपातमा शिक्षक व्यवस्थापन हुनेछ ।



बहादुर शाही
अध्यक्ष

CamScanner

(ठ) शिक्षक दरबन्दी मिलान तथा सरुवा व्यवस्थापन चरणबद्ध रुपमा मा.वि, नि.मा वि र प्रा वि तहमा गरिनेछ ।

(ड) दफा ६ (ग) को दरखास्तको लागि आवेदन फारामको नमुना अनुसुची २ बमोजिम हुनेछ । आवेदन वापत कुनै शुल्क लाग्नेछैन ।

(ढ) दफा ६ (ग) बमोजिमको शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापनका लागि हाल गाउँपालिका अन्तरगत सञ्चालित सामुदायिक विद्यालयमा अध्यापनरत साबिकको उच्च माद्यमिक ,माध्यमिक ,प्राथमिक र वाल विकास केन्द्रमा कार्यरत जुनसुकै तह ,विषय र श्रेणीका शिक्षकले दरखास्त दिन सक्नेछ ।

(ण) परिच्छेद २ मा जुन सुकै कुरा लेखिएको भएता पनि दरबन्दी मिलान तथा व्यवस्थापन गर्दा माद्यामिक र निम्न माद्यमिक तहमा बिषयगत शिक्षकको अभाव हुन गएमा गाउँपालिकाले प्राप्त संघीय शिक्षण सिकाइ अनुदान कोटामा नबढ्ने गरि आबश्यकताका अधारमा थप अनुदान कोटा वितरण गर्नेछ ।

(त) दफा ६ (ख) र (ग) बमोजिम शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापन प्रक्रियामा सहभागी नहुने स्थायी शिक्षकलाई शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापन समितिले दफा ६ (ङ) लाई आधार मानी सरुवा तथा व्यवस्थापनका लागि गाउँ कार्यपालिकामा सिफारिस गर्न सक्नेछ ।

## परिच्छेद –३

## विविध

७) यस कार्यविधिमा रहेको व्यवस्था कार्यान्वयन गर्न बाधा अडकाउ परेमा अन्तिम निर्णय गर्ने अधिकार वैजनाथ गाउँकार्यपालिकामा रहनेछ ।

८) यस कार्यविधि अन्तरगत भएको व्यवस्था सोही बमोजिम र नभएकाको हकमा प्रचलित कानुन बमोजिम हुनेछ

९) यस कार्यविधिका प्रावधानहरुमा गाउँ कार्यपालिकाले आवश्यक संसोधन गर्न सक्नेछ ।

प्रकाश बहादुर शाही
अध्यक्ष

अनुसूची–१
(परिच्छेद २ दफा ६ को उपदफा (ग) सँग सम्वन्धित)
बैजनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रामपुर, बाँके

प्रकाश बहादुर शाही
अध्यक्ष

## शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति :२० )

बैजनाथ गाउँपालिका अन्तरगतका सामुदायिक विद्यालयहरुमा सम्वन्धित तहमा स्थायी, सक्षम र कुशल नेतृत्वदायी भुमिका निर्वाह गर्न सक्ने स्थायी शिक्षक दरबन्दी व्यवस्थापन गर्नका लागि यस गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयमा स्थायी शिक्षकले देहायका आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिन भित्र कार्यालय समय भित्रसम्म स्वयम उपस्थित भई दरखास्त दिनुहुन अनुरोध छ। यसको फाराम तथा यस सम्बन्धी विस्तृत विवरण कार्यालयबाट उपलब्ध हुनेछ।

**आवश्यक कागजातहरु**

क) अनुसुची २ वमोजिमको आवेदन ,

ख) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,

ग) स्थायी नियुक्ती पत्रको प्रतिलिपी,

घ) शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी,

ङ) अपागंता प्रमाणित गर्ने प्रमाण पत्रको प्रतिलिपी,

च) महिलाको हकमा विशेष अवस्थाको शिक्षक भए सो खुल्ने कागजात,

प्रकाश बहादुर शाही
अध्यक्ष



CamScanner

अनुसूची–२

(परिच्छेद-२ दफा ६ को उपदफा ङ संग सम्बन्धित)

बैजनाथ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रामपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

प्रकाश बहादुर शाही
अध्यक्ष

| हालसालै खिचेको पासपोर्ट साइजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरि उम्मेदवारको हस्ताक्षर |
|---|

## शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापनका लागि दरखास्त फाराम

(क) वैयक्तिक विवरण

| | | | | |
|---|---|---|---|---|
| | नाम थर | (देवनागरीमा) | | |
| | | (अंग्रेजी ठुलो अक्षरमा) | | लिङ्ग: |
| | नागरिकता नं.: | | जारी गर्ने जिल्ला: | जारी मिति: |
| स्थायी ठेगाना | क) जिल्ला : | ख) न.पा./गा.पा.: | ग) वडा नं.: | |
| | घ) टोल | ङ) मार्ग/घर नं. | च) फोन नं.: | |
| पत्राचार गर्ने ठेगाना: | | | इमेल: | |
| जन्म मिति | (वि.स.मा) | (इ.स.मा) | हालको उमेर : वर्ष महिना | |
| अपाङ्गताको प्रकार (अपाङ्गता भएमा मात्र) : | | | | |

ख) कार्यरत विद्यालय सम्बन्धी विवरण:

| विद्यालयको नाम | ठेगाना | नियुक्ती मिति | नियुक्ती भएको विषय | तह/ श्रेणी | विद्यालयमा विशेष जिम्मेवारी |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

ग) शैक्षिक योग्यता सम्बन्धि विवरण:

| माथिल्लो शैक्षिक योग्यता | विश्व विद्यालय/ बोर्ड | शैक्षिक उपाधी/तालीम | श्रेणी/जि पि ए/प्रतिशत | मुल विषय |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

घ) तालीम सम्बन्धि विवरण:

| तालीमको नाम | तालीम दिने कार्यालय/संस्थाको नाम | उपाधी | श्रेणी/जि पि ए/प्रतिशत | अवधि | |
|---|---|---|---|---|---|
| | | | | देखि | सम्म |
| | | | | | |
| | | | | | |
| | | | | | |

ङ) दरबन्दी मिलान तथा व्यवस्थापन हुन चाहेको विद्यालय सम्बन्धि विवरण:

| क्र.स. | शिक्षक दरबन्दी तथा व्यवस्थापन हुने विद्यालयको नाम र ठेगाना | प्राथमिकता क्रम |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |
| ८ | | |
| ९ | | |
| १० | | |



प्रकाश बहादुर शाही
अध्यक्ष

CamScanner

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्तमा उल्लेख गरेको विवरण झुठ्ठा ठहरिएमा प्रचलित कानुन बमोजिम सहनेछु / बुझाउनेछु ।

| उम्मेदवारको ल्याप्चे सहि छाप | | उम्मेदवारको दस्तखत: |
|---|---|---|
| दायाँ | बायाँ | |
| | | मिति: |
| कार्यालयले भर्ने: | | |
| रसिद नं./भौचर नं. | | |
| दरखास्त अस्वीकृत भए सो को कारण: | | |
| दरखास्त रुजु गर्नेको नाम र दस्तखत:<br>मिति: | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत:<br>मिति: | |

द्रष्टव्य : दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

प्रकाश बहादुर शाही
अध्यक्ष